मंगला गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड : ८ बाबियाचौर ,म्याग्दी संख्याः ३ मिति : २०८२ भाद्र ०१**

भाग-२

मंगला गाउँपालिका

## अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ (पहिलो संशोधन, २०८२)

***प्रस्तावनाः***

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मंगला गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधिको नाम “**अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ (पहिलो संशोधन, २०८२)** रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा र व्याख्याः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"मुल कार्यविधि"** भन्नाले अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।

**३. मूल कार्यविधिको परिच्छेद ५ मा देहाय बमोजिम संशोधनः**

(क) मूल कार्यविधिको परिच्छेद ५ दफा १२ उपदफा(२) मा यो कार्यविधि जारी भएको मितिले १ वर्षभित्रमा को सट्टा **मिति २०८३ असार मसान्तसम्म** भनि राख्ने ।

(ख) मूल कार्यविधिको परिच्छेद ५ दफा १२ उपदफा (२) को **यस अघि जारी भएका परिचय पत्र एक वर्षपछि स्वतः मान्य हुने छैन** भन्ने लाई हटाइएको ।

**आज्ञाले**
**गोपाल शर्मा**
**प्रमूख प्रशासकीय अधिकृत**